सरुमारानी गाउँपालिका

# मासिक ई-बुलेटीन

अंक १२ संवत २०८१ साल जेष्ठ ०३ गते https://sarumaranimun.gov.np

## सहकारी व्यवस्थापन सम्बन्धी तालिम सम्पन्न ।



सरूमारानी गाउँपालिकाको आयोजनामा पालिका भित्रका सहकारी संस्थाका पदाधिकारीहरूको लागि संचालन गरिएको ३ दिने सहकारी व्यवस्थापन सम्बन्धी तालिम सम्पन्न भएको छ । मिति २०८१।०१।०७ देखि ०९ गते सम्म संचालन भएको यस तालिममा प्रमुख अतिथि तथा गाउँपालिकाका उपाध्यक्ष वसन्ता खड्काले सहकारी संस्थाका पदाधिकारीलाई सहकारी तथा वित्तिय व्यवस्थापन सम्वन्धि तालिम दिई कार्य सम्पादनलाई थप व्यवस्थित एवं प्रभावकारी गराउन तालिमको आयोजना गरिएको बताउनु भएको थियो। साथै तालिम अत्यन्तै महत्वपूर्ण रहेकाले संस्था संञ्चालनमा राहत पुग्ने विश्वास ब्यक्त गर्नुभयो ।यस्तै सरुमारानी गाउँपालिकाका प्रवक्ता एवम् ४ नंम्बर वडा अध्यक्ष चिन्ता सोमै मगरले तालिमले पदाधिकारीहरूको क्षमता बिकासको साथै सहकारी व्यवस्थापनमा थप टेवा पुग्ने बताउनुभएको थियो ।






बैशाख ७ देखि बहुउद्देश्यीय सभाहल बड्डाँडामा संञ्चालन भएको तालिममा पालिका भित्रका ९ वटा सहकारी संस्थाका ३४ जना पदाधिकारीहरूको सहभागीता रहेको थियो । तालिमको सहजिकरण लुम्बिनी प्रदेश उद्योग पर्यटन तथा सहकारी मन्त्रालय,प्रदेश सहकारी विकास बोर्डका कार्यकारी उपाध्यक्ष टिका राम पोखेल र डिभिजन सहकारी कार्यालया दाङका पुर्व अधिकृत एवं जिल्ला सहकारी संघ दाङका लेखा समिति संयोजक हुमलाल भुसालले गर्नु भएको थियो । तालिममा संस्था सञ्चालन, ब्यवस्थित सहकारी ब्यवस्थापन कसरी गर्ने, समितिमा नेतृत्व कसरी लिने, आर्थिक कारोबार कसरी राख्ने,कारोवारलाई लेखा प्रणालीमा कसरी प्रविष्टी गर्ने,वित्तिय व्यवस्थापनलाई कसरी पार्दशी एवं प्रभावकारी बनाउने, संस्था सञ्चालनको गठन प्रक्रिया,पुर्नगठन कसरी गर्ने, माइनट लेखन र व्यवस्थापन, निवेदन लेखन, विभिन्न सरोकारवालाहरुसँग कसरी समन्वय गर्ने लगायतका अन्य महत्वपूर्ण विषयमा प्रशिक्षण दिएको प्रशिक्षक टिकाराम पोखेलले जानकारी दिनुभयो ।सरुमारानी गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत देविराम पाठकले तालिमको समापन गर्दै तालिममा सिकेका कुरा व्यवहारमा लागु गर्न आग्रह गर्दै सिकेका कुराहरु समुह तथा समितिका अन्य पदाधिकारीहरुलाई जानकारी गराउन पनि अनुरोध गर्नुभएको थियो।

# कर्मचारीहरुको त्रैमासिक बैठक सम्पन्न



सरूमारानी गाउँपालिका प्यूठानका प्रमुख प्रशासकीय अधिकृत श्री देविराम पाठकज्यूको अध्यक्षतामा सरूमारानी गाउँपालिकामा कार्यरत कर्मचारीहरुको बैठक सम्पन्न भएको छ। बैठकमा विषयगत शाखा प्रमुख, प्राविधिक कर्मचारी, वडा सचिव ,स्वास्थ्य प्रमुख लगाएत कर्मचारीको उपस्थित थियो । कर्मचारीहरुले बैठकमा तेस्रो त्रैमासिक सम्मको एकमुष्ट प्रगति विवरण प्रस्तुत गर्नुभएको थियो ।

साथै (माघ ,फाल्गुन र चैत्र महिना) को एकमुष्ट रूपमा कार्य सम्पादन तथा मूल्यांकन को आधारमा सरूमारानी गाउँपालिका कार्यसम्पादन तथा मूल्यांकन समितिले विभिन्न सूचकहरूको मूल्यांकनको आधारमा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत एम.आई.एस अपरेटर श्री देउमान सोमै मगर, सरुमारानी गाउँपालिका अन्तर्गत वडा नं ४ मा कार्यरत वडा सचिव जनक सुनार र गाउँपालिकाका सवारी चालक देविराम चर्तिमगरलाई तेस्रो त्रैमासिक (माघ, फाल्गुन र चैत्र ) महिनाको उत्कृष्ट कर्मचारी छनौट गरिएको छ ।उहाँको कार्य सम्पादनको उच्च मूल्यांकन गर्दै प्रशंसा पत्र तथा पुरस्कार समेत वितरण गरिएको छ । साथै गाउँपालिकाको शिक्षा शाखामा नयाँ नियुक्ति लिई आउनु भएका प्रशासन सहायक लाल भक्त रोकाय सर र क्षयरोग कार्यक्रम अन्तर्गत कार्यक्रम संयोजकको रुपमा आउनु भएको सपना देवेकोटालाई स्वागत तथा सम्मान समेत गरिएको थियो ।







# पूर्ण खोप सुनिश्चता तथा दिगोपना भएको वडा घोषणा कार्यक्रम सम्पन्न

सरुमरानी गाउँपालिका अन्तर्गत रहेको सबै स्वास्थ्य संस्था रहेका वडाका बालबालिकाहरुलाई १५ महिनाको उमेर भित्र पाउनुपर्ने सबै खोप दिलाई सम्पूर्ण ६ वटै वडाहरुलाई पूर्णखोप सुनिस्चितता तथा दिगोपना भएको वडा घोषणा सम्पन्न गरिएको छ ।













## स्वागत तथा बधाई कार्यक्रम सम्मान

ो गाउँपालिकाका अध्यक्ष झग बहादुर विश्वकर्मा ज्युले गाउँपालिकाको बहुउद्देश्यीय हल बड्डाँडामा स्वागत गर्नु भएको छ ।गाउँपालिकाका अध्यक्ष झग बहादुर विश्वकर्माको अध्यक्षतामा,माननीय मन्त्री दिनेस पन्थीको प्रमुख आतिथ्यतामा,उपाध्यक्ष बसन्ता खडका,वडा अध्यक्ष, कार्यपालिका सदस्य तथा वडा सदस्यहरू ,गाउँपालिकाका कर्मचारीहरूको उपस्थितिमा र गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत देविराम पाठकको संचालनमा गाउँपालिकाको सभाहलमा उक्त स्वागत तथा बधाई ज्ञापन कार्यक्रम सम्पन्न भएको थियो ।








# न्यायीक कार्य सम्पादन सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न



सरूमारानी गाउँपालिकाको उपाध्यक्ष तथा न्यायिक समिति संयोजक श्री बसन्ता खड्काको अध्यक्षता, गाउँपालिकाका अध्यक्ष श्री झग बहादुर विश्वकर्मा को प्रमुख आतिथ्यतामा जनप्रतिनिधि तथा कर्मचारीहरूको लागि न्यायिक कार्य सम्पादन सम्बन्धी २ दिने अभिमुखिकरण कार्यक्रम सरूमारानी गाउँपालिकाको सभाहलमा सम्पन्न भएको छ ।कार्यक्रमको सहजिकरण जिल्ला अदालत दाङका स्रेस्तदार श्री दामोदर घिमिरे , सरकारी वकिल कार्यालय दाङका सहायक न्यायधिस श्री रेग बहादुर विष्ट , प्रमुख जिल्ला अधिकारी श्री नारायण प्रसाद अर्याल तथा जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक श्री ईश्वर थापा ज्यूले गर्नु भएको थियो ।यो कार्यक्रम मिति २०८१-०१-१४ गते देखि १५ गते सम्म संचालन भएको थियो ।








# कोरेली पाडी वितरण कार्यक्रम सम्पन्न

सरुमारानी गाउँपालिकाको आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत किसान संग गाउँ सरकार कार्यक्रम अनुसार मिति २०८१/०१/२३ गते वडा नं.२ ददेरीमा आर्थिक विकास समिति संयोजक श्री मोहम्मद हलिम हलुवाई, वडा अध्यक्ष श्री भानुभक्त भुषाल ज्यु, कार्यपालिका सदस्यहरु, वडा सदस्यहरु, कर्मचारीहरु लगायत कोरेली पाडी वितरण कार्यक्रममा छनोट भएका २० जना कृषक सदस्यहरुको उपस्थितिमा पाडी वितरण कार्यक्रम सम्पन्न भएको छ, भने यसै गरी मिति २०८१।०१।३१ गतेका दिन सरुमारानी गाउँपालिका वडा नं.५ जस्पुरमा वडा नं. ५ का वडा अध्यक्ष श्री लक्ष्मी पल्ली मगर ज्यूको अध्यक्षतामा, सरुमारानी गाउँपालिका अध्यक्ष श्री झग बहादुर विश्वकर्मा ज्यूको प्रमुख आतिथ्यतामा, प्रमुख प्रशासकीय अधिकृत श्री देविराम पाठक ज्यूको विशिष्ट आतिथ्यतामा र आर्थिक विकास समिति संयोजक श्री मोहम्मद हलिम हलुवाई ज्यूको आतिथ्यतामा पाडी वितरण कार्यक्रम सम्पन्न भएको थियो। उक्त कार्यक्रममा वडा नं. ५ मा छनोट भएका १४ जना अनुदानग्राही कृषकहरु,वडा सदस्यहरु लगायत प्राविधिक कर्मचारीहरुको उपस्थितिमा प्रति सदस्य १/१ गोटाको दरले पाडीहरुको बिमा गरी वितरण गर्ने कार्य सम्पन्न गरिएको छ।









# कृषकहरुलाई मोटर, कार्यक्रम सम्पन्न

सरुमारानी गाउँपालिका ,प्यूठानको आ.व.२०८०/०८१ को किसान सँग गाउँ सरकार कार्यक्रम अन्तर्गत मोटर पाइप र बाँदर नियन्त्रण कार्यक्रम अनुसार सरुमारानी गाउँपालिकाका विभिन्न वडा बाट छनौट भएका कृषकहरुलाई मोटर , पाइप र बाँदर धपाउने बन्दुक वितरण कार्यक्रम सरुमारानी गाउँपालिकाका उपाध्यक्ष श्री बसन्ता खड्का ज्यूको आतिथ्यतामा मिति २०८१।०१।२३ गते १०६ जना कृषकहरुलाई वितरण कार्य सम्पन्न भएको छ।





# महिला विरुद्धहुने सबै प्रकारका भेदभाव उन्मुलन सम्बन्धी कार्यक्रम सम्पन्न



सरूमारानी गाउँपालिकाको उपाध्यक्ष बसन्ता खडकाको अध्यक्षतामा,प्रमुख प्रशासकिय अधिकृत देविराम पाठकको विशिष्ट आतिथ्यतामा,वडा अध्यक्ष ,कार्यपालिका सदस्य,महिला वडा सदस्य ,गाउँपालिकाका तथा स्वास्थ्य संस्थाका महिला कर्मचारी,,गा.पा महिला विकास समितिका संयोजक एवं सदस्यहरूको सहभागीतामा, प्र.प्र.अधिकृत देविराम पाठकको स्वागतमा र गापा महिला विकास शाखाका प्रमुख साधना सिं ठकुरीको संचालनमा "महिला विरूद्व हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि (CEDAW) र वेईजिङ सम्मेलन (ILO) महासन्धि सम्वन्धी १ दिने अभिमुखीकरण कार्यक्रम" बहुउद्देश्यीय सभाहल बङ्गाँडामा आज सम्पन्न भएको छ ।कार्यक्रमको प्रमुख सहजकर्ता लुम्बिनी प्रदेश संचारिका समुहका अध्यक्ष अमृता अनमोल ,लुम्बिनी प्रदेश महिला वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका निजी सचिवालय सदस्य उषा किरण पन्थ र लुम्बिनी प्रदेश युवा परिषद सदस्य रिया बस्नेतको सहजीकरणमा सम्पन्न भएको थियो ।











# सचेतना तालिम कार्यक्रम सम्पन्न

सरुमारानी गाउँपालिका ,प्यूठानको आ.व.२०८०/०८१ को रैथाने बाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत सरुमारानी गाउँपालिका वडा नं ४ मा मिति २०८१/०१/२७ गते शिक्षकहरूको लागि रैथाने बालीको महत्व बारे सचेतना तालिम कार्यक्रम सम्पन्न भएको छ। सरुमरानी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देविराम पाठकज्यूको अध्यक्षतामा उक्त कार्यक्रम सम्पन्न भएको थियो ।










# सचेतना तालिम कार्यक्रम सम्पन्न

"सीप सिकौ, स्वरोजगार बनौ" भन्ने मुल उद्देश्यका साथ सरूमारानी गाउँपालिकाले ४५ दिने आधारभूत कम्प्युटर तालिम शुरु गरेको छ ।सरूमारानी गाउँपालिकाका प्रशासन शाखा प्रमुख लक्ष्मण आचार्यको अध्यक्षता, गाउँपालिकाका प्रवक्त एवं ४ नं वडा अध्यक्ष चिन्त सोमै मगरको प्रमुख आतिथ्यता, ६ नं वडा अध्यक्ष तिल बहादुर बुढाको तथा प्रशिक्षक श्रीराम तिमिल्सिनाको आतिथ्यतामा कार्यक्रम शुरू भएको छ ।








सम्पर्क नं:

अध्यक्षः झग बहादुर विश्वकर्मा (९८४७९६१३५९)

उपाध्यक्षः बसन्ता खड्का (९८४४९१८५८४)

प्रमुख प्रशासकीय अधिकृतः देविराम पाठक (९८५७८३६०२२)

सूचना अधिकारीः शिव राज न्यौपाने (९८४५४४०७७३)

प्रकाशकः

सरुमारानी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

बङ्गाँडा,प्यूठान ।

**facebook: https://www.facebook.com/SarumaraniGapa**
**website:sarumaranimun.gov.np**
**email:sarumarani2073@gmail.com**
**phone no:9857836022**